बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- २०८२/८३

चलानी नं. :- ५०८

मितिः- २०८२।०८।२३

विषयः सचिव बैठकको निर्णय पठाइएको।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै)
बागमती प्रदेश, हेटौडा।

प्रस्तुत विषयमा मिति २०८२।०८।२१ गतेका दिन श्रीमान प्रमुख सचिवज्यूको अध्यक्षतामा बसेको सचिव बैठकको निर्णय यसैसाथ संलग्न राखी जानकारी एवम् आवश्यक कार्यार्थ पठाइएको ब्यहोरा निर्देशनानुसार अनुसार अनुरोध छ।

२०८२।०८।२३

तीर्थराज घिमिरे
**अधिकृत सातौं**

बोधार्थः
श्री श्रीमान प्रमुख सचिवज्यूको सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश।

मन्त्रिपरिषद्मा सिफारिस गर्ने। मन्त्रालयले प्रयोग गरेको सवारी साधनको हकमा जुन मन्त्रालय वा निकायको पदाधिकारीले प्रयोग गरेको छ सोही मन्त्रालय वा निकायको स्वामित्व कायम गर्ने कार्य १ महिना भित्र सम्पन्न गर्ने।

५. मन्त्रालयले आफू र मातहतका कार्यालयमा प्रयोगमा ल्याएका सफ्टवेयरहरूको डेभलपरको ToR, सो बमोजिमको सफ्टवेयरको कार्यसम्पादन तथा उपयोगिता, सोर्सकोडको अवस्था, अन्तरआबद्धता (Interoperability) को अवस्था र सुरक्षण परीक्षण (Security Audit) नगरेको भए सो समेत गर्ने र अद्यावधिक विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई यथाशिघ्र उपलब्ध गराउने।

६. मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने प्रस्तावहरुको सम्बन्धमा कानूनी राय परामर्श तथा सहमति लिँदा विषयवस्तुको गाम्भिर्यता हेरी कम्तिमा ३ दिनको अवधि राखी सम्बन्धित निकायमा पठाउने र सो प्राप्त भए पश्चात, प्रस्ताव पेश गर्नु अगावै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्तुति/छलफल गरी २४ घन्टा अगावै प्रस्ताव पठाउने।

७. कार्यालयको बेरुजु वर्गीकरण गरी जिम्मेवार कर्मचारी समेत तोकी लक्ष्य पुरा हुने गरी बेरुजु फछ्यौंटलाई प्राथमिकता दिने।

८. कार्यालयबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउन हाजिरी, विदा, काज, तालिमलाई व्यवस्थित एवं सेवा प्रवाहलाई असर नगर्ने गरी प्रवन्ध मिलाउने। कार्यालय समयमा कर्मचारी उपस्थित हुन नसकेमा सुपरिवेक्षकसँग अनुमति लिने र निजको सिफारिसमा मात्र काज र विदा स्विकृत गर्ने गराउने।

९. मन्त्रालयलाई तोकिएको वार्षिक कार्यक्रम कार्यान्वयनको तालिका तयार गरी यथासम्भव शतप्रतिशत प्रगति हासिल हुने गरी कार्यान्वयन गर्ने। थोरै रकम व्यवस्थापन गर्दा शतप्रतिशत सम्पन्न हुने पुराना योजनाहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने गराउने।

१०. सङ्घीय सरकारका माननीय मन्त्रीहरुज्यूको अध्यक्षतामा रहेका विभिन्न विषयगत समितिहरुको बैठकमा प्रदेश सरकारका तर्फबाट राखिनुपर्ने सम्भावित एजेण्डाहरु तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

११. प्रत्येक महिनाको ७ गते (सार्वजनिक विदा परे सोको भोलिपल्ट) प्रदेश सचिव बैठक नियमित रुपमा सञ्चालन गर्ने। अघिल्ला बैठकका निर्णयहरुको कार्यान्वयनको प्रगति विवरण र बैठकमा पेश गर्नुपर्ने एजेण्डा सम्बन्धित मन्त्रालयले बैठक बस्नु कम्तिमा १ दिन अगावै अनिवार्य रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

मितिः २०८२/०८/२१

**सचिव बैठकका निर्णयहरू:**

१. भाद्र २३ र २४ को प्रदर्शनका क्रममा क्षति/नष्ट भएका सरकारी भवन सवारी साधन, कार्यालय सामान लगायतको भौतिक सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुका साथै मर्मत सम्भार र खरिद व्यवस्थापन गरी कार्यालय व्यवस्थापन एवं सेवाप्रवाह प्रभावकारी रुपमा सूचारु गर्ने। बजेट नपुग भएमा सम्बन्धित मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरी आवश्यक बजेटको प्रवन्ध गर्ने गराउने। आवश्यक बजेटको व्यवस्थापन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले सहजीकरण गर्ने।

२. मन्त्रालय र अन्तर्गतका निकाय समेतमा भाद्र २३ र २४ को प्रदर्शनको क्रममा क्षति वा आगोलागी भई नष्ट भएका सवारी साधन लगायत अन्य भौतिक सम्पत्तिको विमा दावी गर्ने, क्षतिपूर्ति प्राप्त गर्ने, लिलामी गर्नुपर्ने मालसामानको लिलामी प्रकृया र मिनाहा वा लगत कट्टा गर्नु पर्ने भए सो समेत प्रचलित कानुन बमोजिम तत्काल सुरु गरी व्यवस्थापन गर्ने।

३. विभिन्न नियामक निकाय एवं अन्यत्रबाट कार्यालयमा प्राप्त हुन आएका गुनासो र उजुरीको अभिलेख, छानबिन र फर्छ्यौट गर्ने गराउने कार्य प्राथमिकतामा राखी सम्पादन गर्ने सोको अभिलेख देहायको ढाँचामा सम्बन्धित मन्त्रालयले (मातहत निकायको समेत) अद्यावधिक गरी एकीकृत विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउने।

देहायः

| सि. नं. | उजुरी पठाउने कार्यालयको नाम | उजुरी पत्र र सोको विवरण | | | कारवाहीको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | प.स./ च.नं र मिति | कार्यालयमा प्राप्त मिति | उजुरीको संक्षिप्त व्यहोरा | | |
| | | | | | | |

४. बागमती प्रदेश सरकार अन्तर्गत रहेका सार्वजनिक निकायको भौतिक सम्पत्ति(सवारी साधन, भवन, जग्गा उपभोगको अवस्था) को अभिलेख व्यवस्थापन एवं सोको उपभोग गर्ने सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बैठक तथा प्रशासन महाशाखाका सचिवको संयोजकत्वमा, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, प्रदेश लेखा नियन्त्रक कार्यलयको प्रमुख सदस्य, र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रशासन हेर्ने उपसचिव सदस्य सचिव रहने गरी समिति गठन गर्न